घोराही उपमहानगरपालिका
नगरकार्यापालिकाको कार्यालय, घोराही
दाङ जिल्ला, ५ नं प्रदेश, नेपाल

नगरकार्यपालिकाको वैठक नं १

आज मिति २०७४।३।२१ गते बुधबार घोराही उपमहानगरपालिकाका नवनिर्वाचित नगर प्रमुख श्री नरुलाल चौधरीको अध्यक्षतामा नगरकार्यपालिकाका देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा घोराही उपमहानगरपालिकाको नगर कार्यपालिकाको पहिलो बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| क्र सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नरुलाल चौधरी | प्रमुख | |
| २ | सीता न्यौपाने | उपप्रमुख | |
| ३ | राममणि पाण्डेय | वडा अध्यक्ष | |
| ४ | केशव आचार्य | वडा अध्यक्ष | |
| ५ | माधवप्रसाद चौधरी | वडा अध्यक्ष | |
| ६ | भिमबहादुर सार्कि | वडा अध्यक्ष | |
| ७ | विष्णुमणि दाहाल | वडा अध्यक्ष | |
| ८ | रेवबहादुर बुढाथोकी | वडा अध्यक्ष | |
| ९ | खोपीराम चौधरी | वडा अध्यक्ष | |
| १० | चन्द्रप्रसाद चौधरी | वडा अध्यक्ष | |
| ११ | मानबहादुर बस्नेत | वडा अध्यक्ष | |
| १२ | चित्रबहादुर डाँगी | वडा अध्यक्ष | |
| १३ | कुलबहादुर लामिछाने | वडा अध्यक्ष | |
| १४ | राजेन्द्र बुढा | वडा अध्यक्ष | |
| १५ | रविलाल घर्तिमगर | वडा अध्यक्ष | |
| १६ | शक्तिराम डाँगी | वडा अध्यक्ष | |
| १७ | रमेशकुमार पाण्डेय | वडा अध्यक्ष | |
| १८ | लक्ष्मिनप्रसाद बुढा | वडा अध्यक्ष | |
| १९ | खुसीराम चौधरी | वडा अध्यक्ष | |
| २० | भरतमणि अर्याल | वडा अध्यक्ष | |
| २१ | हर्कबहादुर घर्ति | वडा अध्यक्ष | |
| २२ | कृष्णप्रसाद सापकोटा | सचिव | |

**प्रस्तावहरु**

१) धन्यवाद ज्ञापन ।

२) वडा कार्यालय स्थापना र नगर सेवा प्रवाह व्यवस्थापन ।

३) सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभाकारिता ल्याउने ।

४) फरक क्षमता भएका र ८४ वर्ष पुगेका ज्येष्ठ नागरिकलाई आवश्यक सम्बोधन

५) आगामी आर्थिक वर्षका लागि बजेट, नीति तथा कार्यक्रम तर्जुमाका लागि कार्यदल गठन गर्ने ।

**निर्णय नं १**

- लोकतन्त्रको आधारस्तम्भको रुपमा रहेको स्थानीय तहको दोश्रो चरणको निर्वाचनमा घोराही उमहानगरपालिका जनताले व्यक्त गरेको जनमतको उच्च मूल्याँकन एवं सम्मान गर्दै यस उपमहानगरपालिका अन्तर्गतका मुख्य निर्वाचन अधिकृतको कार्यालय, स्थानीय प्रशासन, तीनवटै सुरक्षा संयन्त्र, राष्ट्रसेवक कर्मचारीहरु, नगरबासी, संचार जगत, नागरिक समाज लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने आम जनसमुदायमा हार्दिक धन्यवाद एवं कृतज्ञता ज्ञापन गर्ने निर्णय भयो ।

**निर्णय नं २**

- नेपालको संविधान अनुसार नेपाल सरकारको मिति २०७३।११।२७ गतेको निर्णयानुसार पुनर्संचना भई यस उपमहानगरपालिमा कायम भएका १९ बडा कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो छरिता र जनमैत्री तवरले प्रदान गर्नको लागि नगरपालिका भित्र वडा कार्यालय संचालन हुन बाँकी रहेका वडाहरु क्रमश १, ३, ८, ११, १३, १५, १६, १७, १८ मा मिति २०७४।४।१० गते भित्र कार्यालय स्थापना गर्न सम्बन्धित वडा अध्यक्षले तत् तत् वडामा आन्तरिक छलफल गरी वडाको केन्द्र तोक्ने सम्बन्धमा प्रस्ताव पेश गर्ने । केन्द्र निर्धारणसँगै वडा कार्यालय संचालनका लागि प्रस्ताव पेश गर्दा उपलब्ध भएसम्म नेपाल सरकारका ईकाई, सेवा केन्द्र वा सामुदायिक भवनलाई प्राथमिकता दिने । उल्लिखित विकल्प नभएमा तत्कालका लागि न्यूतम २ देखि अधिकतम ४ वटा कोठासम्मको कार्यालय प्रस्ताव गर्ने ।

**निर्णय ३**

सामाजिक सुरक्षा भत्ता वितरणलाई पूर्णरुपमा बैङ्किक प्रणालीमा रुपान्तरण गरी मोवाइल बैंकिङ्ग प्रणाली मार्फत टोलटोलबाट वितरण गर्ने व्यवस्था मिलाउने ।

**प्रस्तावहरु**

१) धन्यवाद ज्ञापन ।

२) वडा कार्यालय स्थापना र नगर सेवा प्रवाह व्यवस्थापन ।

३) सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभाकारिता ल्याउने ।

४) फरक क्षमता भएका र ८४ वर्ष पुगेका ज्येष्ठ नागरिकलाई आवश्यक सम्बोधन

५) आगामी आर्थिक वर्षका लागि बजेट, नीति तथा कार्यक्रम तर्जुमाका लागि कार्यदल गठन गर्ने ।

**निर्णय नं १**

- लोकतन्त्रको आधारस्तम्भको रुपमा रहेको स्थानीय तहको दोश्रो चरणको निर्वाचनमा घोराही उमहानगरपालिका जनताले व्यक्त गरेको जनमतको उच्च मूल्यांकन एवं सम्मान गर्दै यस उपमहानगरपालिका अन्तर्गतका मुख्य निर्वाचन अधिकृतको कार्यालय, स्थानीय प्रशासन, तीनवटै सुरक्षा संयन्त्र, राष्ट्रसेवक कर्मचारीहरु, नगरबासी, संचार जगत, नागरिक समाज लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने आम जनसमुदायमा हार्दिक धन्यवाद एवं कृतज्ञता ज्ञापन गर्ने निर्णय भयो ।

**निर्णय नं २**

- नेपालको संविधान अनुसार नेपाल सरकारको मिति २०७३।११।२७ गतेको निर्णयानुसार पुनर्संचना भई यस उपमहानगरपालिमा कायम भएका १९ बडा कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो छरिता र जनमैत्री तवरले प्रदान गर्नको लागि नगरपालिका भित्र वडा कार्यालय संचालन हुन बाँकी रहेका वडाहरु क्रमश १, ३, ८, ११, १३, १५, १६, १७, १८ मा मिति २०७४।४।१० गते भित्र कार्यालय स्थापना गर्न सम्बन्धित वडा अध्यक्षले तत् तत् वडामा आन्तरिक छलफल गरी वडाको केन्द्र तोक्ने सम्बन्धमा प्रस्ताव पेश गर्ने । केन्द्र निर्धारणसँगै वडा कार्यालय संचालनका लागि प्रस्ताव पेश गर्दा उपलब्ध भएसम्म नेपाल सरकारका ईकाई, सेवा केन्द्र वा सामुदायिक भवनलाई प्राथमिकता दिने । उल्लिखित विकल्प नभएमा तत्कालका लागि न्यूतम २ देखि अधिकतम ४ वटा कोठासम्मको कार्यालय प्रस्ताव गर्ने ।

**निर्णय ३**

सामाजिक सुरक्षा भत्ता वितरणलाई पूर्णरुपमा बैङ्किक प्रणालीमा रुपान्तरण गरी मोवाइल बैकिङ्ग प्रणाली मार्फत टोलटोलबाट वितरण गर्ने व्यवस्था मिलाउने ।

निर्णय ४

सबै वर्गका फरक क्षमता भएका व्यक्तिहरुको लगत अद्यावधिक गरी सामाजिक सुरक्षा कार्यक्रमबाट बन्चित भएका व्यक्तिहरुको पहिचान गरी नगरपालिकाको आन्तरिक स्रोतबाट सम्बोधन गर्ने र नगर स्वास्थ्य सेवा केन्द्र मार्फत ८४ वर्ष उमेर पुरा भएका ज्येष्ठ नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा टोलटोलमा पुर्याउने ।

निर्णय ५

आर्थिक वर्ष २०७४।०७५ को बजेट, नीति तथा कार्यक्रम तर्जुमाको आवश्यक तयारी गर्न र राजस्व परापर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई आवश्यक सहयोग पुर्याउन देहाय बमोजिमको एक कार्यदल गणन गर्ने निर्णय गरियो ।

क. कार्यकारी अधिकृत - संयोजक
ख.योजना शाखा प्रमुख - सदस्य
ग. सामाजिक विकास शाखा प्रमुख - सदस्य
घ. सूचना शाखा प्रमुख - सदस्य
ङ. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
च. राजस्व उप शाखा प्रमुख - सदस्य

उक्त कार्यदलको गृह कार्यपश्चात नियमानुसार आगामी आबको बजेट निर्मण प्रक्रिया अगाडि बढाउने ।